# खिजीदेम्वा गाउँपालिका, खिजीफलाटे ओखलढुंगा
# १ नं. प्रदेश, नेपाल


## स्थानीय राजपत्र

**खण्डः २** **संख्याः ७** **मितिः २०७५/०२/०७**


**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०७५ सालको नियम नं.–७**

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५

प्रमाणिकरण मितिः २०७५/१२/०१

पहिले संशोधन मितिः २०७९/०४/२२

**प्रस्तावनाः** यस खिजीदेम्बा गाउँपालिका ओखलढुङ्गा द्वारा एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले यो एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि – २०७५ तयार पारिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः–**

(क) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

१. एम्बुलेन्स भन्नाले विरामी ओसार पसार, ल्याउने/पुऱ्याउने वाहनलाई सम्झनु पर्दछ ।

२. एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालकलाई सम्झनुपर्दछ।

३. चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ।

४. संस्था भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने खिजीदेम्बा गाउँपालिकालाई सम्झनुपर्दछ।

५. समिति भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनुपर्दछ।

६. शुल्क भन्नाले समितिले तोकेको अनुमति, नवीकरण तथा सेवा शुल्कलाई सम्झनु पर्दछ।

७. सेवा भन्नाले एम्बुलेन्सले आकस्मीक वा अन्य गम्भीर प्रकृतिका स्थानीय स्तरमा उपचार हुन नसकी सुबिधा सम्पन्न अस्पताल सम्म लाने र ल्याउने विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ।

**३. खिजीदेम्बा गाउँपालिकाको काम कर्तब्य:**

१. प्रचलित कानूनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने।

२. समितिले तोके अनुसारको भाडा लिई सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने

३. विरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुर्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपर्दछ।

४. कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाईनेछैन।

५. एम्बुलेन्सलाई २४ सै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्नेछ।

६. एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्नेछ। र प्रत्येक वर्ष लेखारीक्षण गराउनुपर्नेछ। सोको जानकारी गाउँपालिकामा गराउनुपर्नेछ।

८. एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक ४/४ महिनामा एम्बुलेन्स सेवा सञ्चालन समितिलाई जानकारी गराउनुपर्नेछ।

९. गाउँपालिकाबाट प्राप्त निर्देशनलाई समितिले अक्षरस पालना गर्नुपर्नेछ।

**४. एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण:**

१. राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

२. एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राइभ भएको हुनुपर्नेछ।

३. एम्बुलेन्समा एम्बुलेन्स शब्द र गाउँपालिका र चालकको टेलिफोन नं. अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ।

४. एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ।

५. एम्बुलेन्सको क्षमता १००० सि.सि. भन्दा बढी भएको हनपर्नेछ।

६. एम्बुलेन्सको चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनुपर्नेछ।

७. तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्नेछ।

**५. एम्बुलेन्स सञ्चालनको क्षेत्र सुबिधाः**

खिजीदेम्बा गाउँपालिकाबाट मन्थली,जिरी,चरिकोट,काठमाण्डौ, ओखलढुङ्गा जिल्ला वा छिमेकी गाउँपालिकाहरुबाट माथि उल्लेखित स्थानहरुमा मात्र सञ्चालन गरिने छ भने विशेष परिस्थितिमा विशेष निर्णय गरी अगाडी बढीने छ।

**६. एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थापनः**

१. दुई खाता सञ्चालन गरि एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थापन गरिनेछ।

२. एम्बुलेन्सबाट प्राप्त सेवा शुल्क उक्त कोषमा जम्मा गरिनेछ।

३. कोषमा जम्मा गरेको रकमबाट एम्बुलेन्सको मर्मतसंहार, इन्धन, चालकलाई तलब भत्ता को व्यावस्था गरिनेछ। यदि उक्त कोषमा जम्मा भएको रकमबाट अपुग हुन गएमा गाउँपालिकाबाट थप रकम व्यवस्था गरिनेछ।

$^{\Delta}$**७. एम्बुलेन्स सेवा सञ्चालन समितिः**

एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ।

१. अध्यक्ष  गाउँपालिका प्रमुखः **गम्बु शेर्पा**

२. सदस्य दलित, अल्पसंख्यक **कबिता देवी सनुवार**

---

$^{\Delta}$ पहिलो संशोधन द्धारा संशोधित

३. सदस्य सम्बन्धित वडाको महिला सदस्य **श्रीरमाया सुनुवार**

४. सदस्य आदिवासी जनजाती **दोर्ची शेर्पा**

५. सदस्य अध्यक्षबाट मनोनित १ जना **पासाङ डिग्मा शेर्पा**

६. सदस्य गाउँपालिकाको वडा अध्यक्षहरु मध्येबाट १ जना **नगेन्द्र बहादुर बस्नेत**

७. सदस्य स्वास्थ्य शाखा/इकाईबाट १ जना स्वास्थ्य संयोजक

८. सदस्य सम्बन्धित वडाको वडा अध्यक्ष **रामकुमार सुनुवार**

९. सदस्य सचिव गाउँपालिका आर्थिक प्रशासन शाखा प्रमुख

[◊]**८. एम्बुलेन्स सेवा शुल्कः (१)** एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बझ्नु पर्दछ। उक्त दुरी बर्गिकरण गरी देहाय बमोजिमको भाडा दर निर्धारण गरिएको छ।

१. खिजीदेम्बा गाउँपालिका भित्रबाट काठमाण्डौ सम्म प्रतिटिप रु १२५००।
२. खिजीदेम्बा गा.पा.बाट मन्थली रु ८०००।
३. खिजीदेम्बा गा.पा.बाट श्रीचौर हुदै ओखलढुंगा रु ८०००।
४. खिजीदेम्बा गाउँपालिका भित्रबाट जिरी रु ९५००।
५. खिजीदेम्बा गाउँपालिका भित्रबाट चरिकोट रु १००००।
६. खिजीदेम्बा गाउँपालिका भित्रबाट खुर्कोट हुँदै ओखलढुङ्गा सम्म रु १२५००। अन्य गाउँपालिकाहरुबाट प्रतिटिप रु २००००।
७. खिजीदेम्वाबाट श्रीचौर सम्म ४०००।

८. खिजीदेम्बा गाउँपालिकाको वडा नं ५ भरी रु १५००।

९. खिजीदेम्बा गाउँपालिकाको वडा नं १,२,३, ४ र ६ भरी रु २५००।

१०. खिजीदेम्बा गाउँपालिकाको वडा नं ७,८, र ९ भरी रु ४५००।

११. खिजीदेम्बाबाट ढाडे सिरिसे रु. ४०००।

---

◊ पहिलो संशोधनद्वारा संशोधित

विशेष परिस्थितिले अन्यत्र जानुपर्ने भएमा समितिको विशेष बैठकले निर्णय भए अनुसार हुनेछ । उक्त स्थान हाईवे वाहेकका शाखा बाटो मार्फत टोल बस्तीमा जाँदा बाटोको दुरी हेरी समितिले भाडा निर्धारण गर्नेछ ।

✓ **(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्पताल/बर्थिङ्ग सेन्टरको प्रेषणको आधारमा गर्ववती तथा प्रसुती जटिलता भएका महिलाहरुलाई निःशुल्क सेवा प्रदान गरिनेछ । सो सेवाको अभिलेख अनुसूची ३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।**

**९. एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमाः**

१. रितपूर्वक सवारी चालक अनुमति–पत्र लिएको ।

२. सवारी चालकको रुपमा न्यूनतम ५ (पाँच) वर्षको अनुभव भएको ।

३. कम्तिमा २४ वर्ष उमेर पूरा गरेको ।

४. आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।

**१०. एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमाः** एम्बुलेन्स चालकको मासिक तलब भत्ता समितिले तोके बमोजिम हुनेछ ।

**११. एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिताः**

१. एम्बुलेन्स सञ्चालन कार्यविधि २०७५ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न पाइने छैन ।

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४. विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ।

५. विरामीलाई विच बाटोमा छोड्न नहुने ।

६. दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढिमा १ हप्ता भित्र जम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नुपर्नेछ ।

---

✓ पहिलो संशोधन द्वारा संशोधित

७. आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने । तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिनुपर्नेछ ।

८. प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

९. सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्कको कूल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को नगदी रसिद दिईनेछ ।

📖१०. एम्बुलेन्स सञ्चालन गर्दा अनिवार्य रुपमा अनुसूची-२ बमोजिमको लगबुक भर्नुपर्ने ।

११. एम्बुलेन्स चालक ले अनुसूची १ बमोजिमको ढाँचामा आचार संहिता पालना सम्बन्धमा सहमति जनाई सहिछाप गर्नुपर्नेछ ।

अनुसूची-१

नामः

ठेगानाः ना.प्र.नः जिल्लाः

लाईसेन्स नं. ................................... लाईसेन्स जारी मिति..........................................

ले उल्लेखीत आचार संहिता अध्ययन तथा पालना गरेको छु । ओखलढुङ्गा जिल्ला खिजीदेम्बा गाउँपालिका, खिजीफलाटे, ओखलढुंगा मातहतमा रहेको
एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्नेछु, भनि सहमति जनाई सहिछाप गरेको छु ।

| **चालकको** | **रोहबरमा प्रमाणित गर्ने व्यक्ति** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामथरः | नामथरः |
| ठेगानाः | पदः |
| मितिः | मितिः |
| | कार्यालयको छापः |

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**

📖 पहिलो संशोधन द्धारा संशोधित

अनुसूची–२

खिजीदेम्वा गा.पा.को एम्बुलेन्स सञ्चालन सम्बन्धी लकबुक

| क्र.सं. | विरामीको नाम | ठेगाना | लिङ्ग | उमेर | स्थान | | उपचारमा गएको कारण | मिति र समय | रकम | किलो मिटर | सम्पर्क नं. | बुझाउने को दस्तखत | बैँकमा जम्मा मिति र भौचर नं. | सूचना दिने व्यक्ति | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

## अनुसूची–३
## खिजीदेम्वा गा.पा.को एम्बुलेन्स सञ्चालन सम्बन्धी लकबुक

| क्र.सं. | गर्भवती सुत्केरी महिलाको नाम | मिति | उमेर | स्थान | | प्रेषणको कारण | प्रेषण गरिएको अस्पताल | ना.प्र.नं. | सम्पर्क नं. | प्रेषण गर्ने स्वास्थ्य संस्था | प्रेषण गर्ने स्वास्थ्य कर्मीको नाम र पद | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले
डम्बरबहादुर रजनमगर
प्रमुख प्रशासकीय अधिकृत